नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वयन इकाई

**जिल्ला आयोजना कार्यान्वयन इकाई ( शिक्षा )**

visit Nepal 2020 Lifetime Experiences

च.नं. : २९
प.स : २०७६/०७७

तम्घास, गुल्मी
प्रदेश ०५, नेपाल
मिति : २०७६/०५ /०९

श्री नगरपालिका / गाउंपालिका (सबै)
गुल्मी जिल्ला ।

**विषय :सूचना सम्बन्धमा।**

प्रस्तुत विषयमा, २०७२ को भुकम्पवाट क्षतिग्रस्त भएका विद्यालयहरुको भवन / शौचालय पुनर्निर्माण कार्यको लागि यस जिल्ला आयोजना कार्यानवयन इकाई (शिक्षा) गुल्मीबाट जिल्ला स्थित सबै सामुदायिक विद्यालयहरुका नाममा प्रकाशन गरिएको सूचना यसै पत्रसाथ संलग्न गरि पठाईएको छ । सो सूचना त्यस पालिका र सो अन्तरगतका सबै वार्ड कार्यालयहरु तथा त्यस पालिकाको वेवसाईटमा समेत राखि सरोकारवाला सम्म जानकारी गराउने व्यवस्थाका लागि अनुरोध छ ।

..................................
( पिताम्वर पन्थी )
इकाई प्रमुख
इकाई प्रमुख

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वयन इकाई

# जिल्ला आयोजना कार्यान्वयन इकाई ( शिक्षा )

तम्घास, गुल्मी
प्रदेश ०५, नेपाल

च.नं. : २०
प.स : २०७६/०७७

मिति : २०७६ /०५ /०९

**विषय : सूचना !**

श्री जिल्ला स्थित सवै सामुदायिक विद्यालयहरु,
गुल्मी जिल्ला ।

२०७२ सालको भुकम्पवाट क्षतिग्रस्त भएका विद्यालयहरु पुनर्निर्माण गर्ने कार्य यस इकाई मार्फत गरिदै आएकोमा चालु आ.व. २०७६/०७७ मा समेत केही विद्यालय भवन तथा शौचालय निर्माण गर्ने कार्यक्रम केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) वाट स्विकृत भई आएको हुंदा विद्यालय भवन / शौचालय आवश्यक भएका विद्यालयहरुले यही २०७६ भाद्र मसान्त भित्र तपसिल बमोजिमका विषयहरुलाई ध्यानमा राखि निबेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

(१) निवेदन साथ प्रस्ताव तथा वि.व्य.स. को निर्णय प्रतिलिपि राख्नु पर्ने छ ।
(२) भवन तथा शौचालय निर्माण गर्नका लागि बाढी पहिरो, भिर, खोलानाला आदि जोखिमवाट मुक्त भई विद्यालयको स्वामित्वमा पर्याप्त जग्गा भएको हुनुपर्ने छ ।
(३) विद्यालय सम्म यातायातको सहज पहुंच हुनुपर्ने छ ।
(४) संचालित कक्षा, विद्यार्थी संख्या र भुकम्पवाट भएको क्षतिलाई छनौटको मुख्य आधार मानिने छ ।
(५) अघिल्लो आ.व.मा भवन निर्माण भएका विद्यालयहरुलाई प्राथमिकता क्रममा तल राखिने छ ।
(६) शौचालय निर्माण गर्नका लागि गत, विगतमा यस इकाई मार्फत भवन निर्माण भएका विद्यालयहरुलाई प्राथमिकता दिईने छ ।

**पिताम्बर पन्थी**
इकाई प्रमुख